# राजस्व सुधार कार्य योजना (रियाप)

## नगरपालिकाहरूलाई दिशानिर्देशन

## परिचय

नेपालको संविधान २०७२ले नेपाली नागरीकलाई कुशल र प्रभावकारी सेवा प्रदान गर्नका निमित्त बलियो स्थानीय सरकारको प्रबन्ध गरेको छ । जनताद्धारा अपेच्छित सेवा र सुविधा प्रदान गर्नका लागि स्रोतको आवश्यकता पदर्छ । यस आवश्यकता पूर्ति गर्न स्थानीय सरकारले आफ्नै राजस्व र स्रोतको संकलन गर्नु पर्ने कुरा संविधानको अनुसुची ८मा उल्लेखित छ । स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधिहरू स्थानीय स्रोतको पहिचान र स्रोतको संरक्षण र बढावा दिन उत्साही हुनुहुन्छ । यस प्रकाशनको उद्देश्य पनि उहाँहरूलाई आ-आफ्नो नगरपालिकाहरूमा आफ्नै आय स्रोत बढाउन सहयाता गर्नु हो ।




## परिचय

नेपालको संविधान २०७२ले नेपाली नागरीकलाई कुशल र प्रभावकारी सेवा प्रदान गर्नका निमित्त बलियो स्थानीय सरकारको प्रबन्ध गरेको छ। जनताद्वारा अपेच्छित सेवा र सुविधा प्रदान गर्नका लागि स्रोतको आवश्यकता पदर्छ। यस आवश्यकता पूर्ति गर्न स्थानीय सरकारले आफ्नै राजस्व र स्रोतको संकलन गर्नु पर्ने कुरा संविधानको अनुसुची ८मा उल्लेखित छ। स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधिहरू स्थानीय स्रोतको पहिचान र स्रोतको संरक्षण र बढावा दिन उत्साही हुनुहुन्छ। यस प्रकाशनको उद्देश्य पनि उहाँहरूलाई आ-आफ्नो नगरपालिकाहरूमा आफ्नै आय स्रोत बढाउन सहयाता गर्नु हो।

## पृष्ठभुमि

अहिलेको अवस्थामा स्थानीय सरकार र तिनीहरूका जनप्रनिधिहरू केन्द्रको अनुदान र अर्थमा निर्भर छन्। स्थानीय सरकारहरूको मुख्य आयश्रोत मुल्य कर र आय कर रहेका छन्। केन्द्रिय सरकारबाट मात्र स्थानीय सरकारको आवश्यकता र जनताको आशा पूर्ण गर्न नसकिने स्थिती छ।

यसकारण स्थानीय सरकारले आफ्नै राजस्वको श्रोत बढाउनु प्राथमिकताको विषय रहेको छ। यस लक्ष्य प्राप्तिका लागि राजस्व सुधार कार्य योजना महत्वपूर्ण औजार बन्न सक्दछ। यसको प्रयोगले स्थानीय सरकारको आय श्रोत बढने प्रवल सम्भावना छ।




## सरोकारवालाहरू

- स्थानीय सरकारको राजस्व सल्लाहकार समितिले राजश्व ¬¬सुधार कार्य योजनाको तयारी र स्वीकृत गर्दछ।
- निर्वाचित नगरप्रतिनिधि र वडा कमिटीका सदस्य र अध्यक्षले वडा स्तरको परामर्श दिने प्रावधान रियापमा छ।
- राजस्व विभागका कर्मचारीले तथ्याङ्क संङ्कलन र प्रकृया सहजीकरण गर्दछन्।
- गैरसरकारी संस्थाहरू जस्तै: वाणिज्य संघ तथा महासंघ, होटल, ट्रेकिङ, टुर-भ्रमण र राफ्टिङ्ग व्यवसायी, व्यापारीक समुदाय र व्यक्तित्वसँग सहकारीता कायम गरेर गर्नु पर्दछ।
- सम्बन्धित निकायहरूलाई परामर्श प्रकृयामा सहभागि बनाउनु पर्दछ।
- तथ्यगत सूचना सम्प्रेषणका लागी सञ्चारदाताहरूको संलग्नता हुनु पदर्छ।
- विभिन्न क्षेत्र, जस्तै आमा समूह, गैरसरकारी संस्था, नागरिक समाज, युवा र विद्यार्थी सहभागी हुनु पदर्छ।
- स्थानीय नागरिक नै प्राथमिक र स्रोतदाता हुनाले जन चेतना वा ध्यान दिन अत्यावश्यक हुन्छ।

## संस्थागत संरचना

- नगर परिषद्ले राजस्व सुधार कार्य योजनाको अभिभारा र दिगो नीति र कार्यक्रमको जिम्मेवारी लिनु पर्दछ।
- राजस्व शाखाले तथ्याङ्क, प्रक्षेपण (अनुमान) र प्रकृयाको कार्यन्वयन गदर्छ।
- वडा अध्यक्ष, सचिव र नगरपालिकाका कर्मचारीहरूले राजस्व परामर्श समितिलाई सहजिकरण गर्नुपर्दछ। अभियानको रुपमा आफ्नै स्रोतको राजस्व बढाउन प्रस्तावहरू तयारी गरी कार्यन्वयन निरिक्षण र अनुगमन गर्नु पर्दछ।
- नगरपालिका परिषद्ले सबै प्रस्ताव स्विकृत र नीति, कार्यकम र महत्वपूर्ण निर्णयहरू पारित गर्नु पर्दछ।

रियापलाई प्रभावकारी बनाउन दक्षताको आवश्यकता पर्दछ। स्थानीय सरकारका अगुवा राजस्वसँग सम्बन्धित कानुन, नीति र योजना परिचालन गर्न सक्षम हुनुपर्दछ। स्थानीय नेताहरू नगरपालिकाको स्थानीय र आर्थिक अवस्था बारे राम्रो जानकार हुनु पर्दछ। राजस्व परामर्श समिति कार्यमूलक हुनुपर्दछ। चरणगतरूपले कार्य सम्पन्न गर्नका लागि नागरपालिकामा दक्ष र तालिम प्राप्त कर्मचारी नियुक्त गर्नु पदर्छ।

## केहि महत्वपूर्ण चरणहरू

रियाप तयार गर्ने जिम्मेवारी राजस्व परामर्श समितिको हुन्छ। योजनामा हुनु पर्ने कुरा यस प्रकार छन्:

- संविधान, कानुन र नगरपालिका निर्णयको समिक्षा।
- निर्देशिकाहरूको समिक्षा र विश्लेषण, प्रवृति र कार्यविधिमा जोड, प्रतिवेदन बुझाउने प्रवृति, राजस्व प्रक्षेपण र आफ्नै स्रोतको राजस्व बढाउन जोड।
- आफ्नै स्रोतको राजस्वसँग सम्बन्धित मुख्य समस्या पहिचान र परामर्श कार्यशालाका साथै आधिकारीक सरोकारवालाहरूको पहिचान।
- स्थानीय राजस्व संकलकनको प्रणाली, प्रकिया, मानव स्रोत, सीप र सम्बन्धित सेवाहरूको व्यवस्थापन र बाधाहरूको विश्लेषण।
- रियापको मस्यौदा तयारी, सरोकारवालाहरूसँग भएको कार्यशाला र गोष्ठीको प्रतिकिया संकलन।
- प्रतिकिया अनुरुप रियापको कार्य समापन।
- नगरपालिका परिषदद्धारा रियापका सबै महत्वपूर्ण निती, योजना, कार्यकम स्विकृती।

## सामान्य सिद्धान्त

- आफ्नै राजस्व स्रोत बढाउने।
- नगरपालिकाको विकासलाई करसँग अन्तरसम्बन्धित बनाउने।
- जनता सुहाउँदो कर तोक्ने र त्यसको उचित व्यवस्थापन गर्ने।
- ठेक्का र स्रोतसँग कार्य गर्दा निजी क्षेत्रसँग सहकार्य गर्ने।
- पारदर्शिता निश्चित गर्ने।
- संघिय र प्रादेशिक आर्थिक निती, कानुन, प्रणाली, योजना र कार्यकमहरू पंत्तिवद्ध मिलाउने।




## लागत

रियाप तयारी गर्न बाह्य विशेषज्ञ, परामर्शदाता र कार्यशाला आदि आवश्यक पर्दछन्। परामर्श केन्द्रहरूलाई सिफारिश गरिए अनुसार लागत शूल्क तोकिनु पर्दछ । कम्तिमा ३ वडा तहको परामर्श कार्यशाला,२ नगरपालिका तहको २ परामर्श कार्यशाला, कम्तिमा ३ सरोकारवालाहरूसँग परामर्श बैठक र अन्तिममा नगरपालिका तहको कार्यशाला गरिनु पर्दछ ।



## ध्यान दिनु पर्ने कुराहरू


आवधिक अनुगमनले सफलताको संभाव्यतालाई सबल बनाउँछ । रियापले प्रभावकारी रुपमा कार्य गरेको नगरेको थाहा पाउन निम्न जानकारी लिनु पर्दछ ।

- नियमित राजश्व सल्लाहकार समितिसँग गोष्ठी ।
- नगरपालिकाको कर तिर्न जनताको इच्छुकता सम्बन्धि जानकारी ।
- आफ्नै राजस्व स्रोतको संकलन घट्दो वा बढ्दो तथ्याङ्क ।
- राजस्व र कर प्रशासन प्रणालीको निश्चितता ।
- जनताले सेवामा सुधार देखेको नदेखेको जानकारी ।

## सफलताका सूचक

- जनतासँगको सहकार्य र कर तथा शूल्कको स्विकार्यता ।
- रियाप कार्यन्वयन प्रति प्रतिवद्धता र कुशल कार्यन्वयनको संयन्त्र ।
- नियमित कार्य योजनाहरूको अनुगमन
- नियमित योजना, कार्यक्रम र कियाकलापहरूको समिक्षा र संशोधन ।

राजस्व सुधार कार्य योजना बेसिसहर, बाँसगढी, नेपालगञ्ज, विदुर र अन्य नेपालका स्थानहरूमा सफलतापूर्वक कार्यन्वयन गरिएको छ । नगर-पालिकाहरूले कसरी राजश्व बढाउन सक्दछन् बुझ्न मा जान सक्नु हुनेछ ।



यस निर्देशन मुख्य सरोकारवालाहरूसँगको सरसल्लाह र छलफलको नतिजा हो ।
यस मार्गनिर्देशन बनाउन जर्मन विकास सहयोगबाट प्राप्त सहयोग प्रति आभार व्यक्त गर्दछौं ।